# कोलोराडोका आप्रवासीहरूका लागि स्वास्थ्य कभरेज

**स्वास्थ्य कभरेज किन लिने ?**

- निशुल्क निषेधात्मक स्याहार लाभहरू ।
- ठूल्ठूला मेडिकल बिलहरूबाट सुरक्षा ।
- यो कानुन हो । प्रायजसो अमेरिकनहरूले, जसमा कानुनी रूपमा बस्ने आप्रवासीहरू पनि सामेल छन्, तिनको बीमा हुनै पर्दछ अन्यथा जरिवाना तिर्नुपर्छ । दस्तावेज नभएका आप्रावासीहरू र डिफर्ड एक्सन चाइल्डहुड अराइभर (डिएसिए) आप्रावासीहरूमात्र स्वास्थ्य बीमाको आवश्यकता छूट छ ।

**मैले कसरी कभरेज लिन (अफोर्ड) गर्न सक्छु ?**

अफोर्डेबल स्याहार अधिनियम (एसिए) भएका कारणले अफोर्डेबल स्वास्थ्य कभरेजहरू लिने विकल्पहरू छन् । तपाईंको आय र आप्रवासी स्थितिमा आधारित रहेर, तपाईं यी मध्ये एकका लागि योग्य हुन सक्नुहुन्छ :

- मेडिकेड
- बच्चा स्याहार योजना प्लस(सिएचपि.)
- कोलोराडोको मार्केटप्लेस, कनेक्ट फर हेल्थ कोलोराडोमार्फत निजी स्वास्थ्य बीमा किन्नका लागि आर्थिक सहायता ।

**मैले कसरी आबेदन गर्न सक्छु वा अधिक जानकारी प्राप्त गर्न सक्छु ?**

मेडिकेड तथा सिएचपि+ का बारेमा थप जान्नको लागि www.colorado.gov/PEAK मा जानुहोस् वा १–८००–२२१ –३९४३ मा फोन गर्नुहोस् ।

कनेक्ट फर हेल्थ कोलोराडोका बारेमा थप जान्नको लागि www.connectforhealthco.com मा जानुहोस् वा १–८५५–७५२–६७४९ मा फोन गर्नुहोस् ।

दुबै वेवसाइटहरू स्प्यानिसमा उपलब्ध छन् र अरू भाषाको लागि त्याँहा फोन मार्फत तपाईंलाई सेवा पुराउन दोभाषेहरू उपलब्ध छन् । उनीहरूले तपाईंलाई निशुल्क इन पर्सन (व्यक्तिगत रूपमा) मद्धत गर्न सिफारीश गर्न सक्नेछन् ।

**आवेदनक गर्नका लागि मलाई कस्तो आप्रवासी जानकारी आवश्यक हुन्छ ?**

कनेक्ट फर हेल्थ कोलोराडो मार्फत मेडिकेड, सिएचपि+ वा निजी बीमाका लागि आवेदन गर्नका लागि तपाईंलाई सामाजिक सुरक्षण नम्बर( एसएसएन) र.वा आप्रवासी दस्तावेज चाहिन्छ । एसएसएनले कभरेजका लागि आवेदन गर्ने तपाईं र तपाईंको परिवारका सदस्यहरूका लागि आय र आप्रवासी स्थिति प्रमाणिकरण गर्न मद्दत गर्दछ । यदि तपाईं आफ्ना लागि आवेदन गर्दैहुनुहुन्न भने र अन्य परिवारका सदस्यहरूका लागि मात्र आवेदन गर्दै हुनुहुन्छ भने, तपाईंको आय मात्र चेक(जाँच) गरिनेछ, तपाईंको आप्रवासी स्थिति हैन ।

यद्यपि आप्रवासी स्थिति इलेक्ट्रोनिक रूपमा जाँच गरिन्छ, कहिलेकाहीँ तपाईंलाई आफ्नो आप्रवासी स्थिति प्रमाणिकरण गर्न दस्तावेजहरू चाहिनसक्छन् । तपाईंले यी दस्तावेजहरूलाई यी सँस्थाहरूमा आफै गएर अनलाइन अकाउन्ट मार्फत अपलोड गर्न सक्नुहुन्छ :

मेडिकल सहयोग साइटको प्रमाणिकरण आबेदनहरू :

www.colorado.gov/apps/maps/hcfp.map.

तपाईंको काउन्टीको मानव सेवा कार्यालय :

www.colorado.gov/CDHS

**मेरो घरपरिवारका केही सदस्यमात्र कानुनी रूपमा बस्दैछन् भने के हुन्छ ?**

यदि तपाईंको घरपरिवारका केही सदस्यहरूमात्र कानुनी रूपमा बसिरहेका छन् भने, उनीहरू मेडिकेड, सिएचपि+, वा मार्केटप्लेसमार्फत निजी स्वास्थ्य बीमाका लागि योग्य हुनसक्छन् । तपाईंले आफ्नो आप्रवासी स्थिति वा एसएसएन नबताईकन आफ्नो परिवारका सदस्यहरूका लागि

आवेदन गर्न सक्नुहुन्छ। यद्यपि, यदि तपाइँको परिवारको कुनै सदस्य मार्केटप्लेसमा आर्थिक सहयोगका लागि योग्य हुन्छ भने, आर्थिक सहयोग पाउने वर्षका लागि परिवारको सो सदस्यका लागि तपाईंले कर फिर्ती फाइल गर्नुपर्छ। कर फिर्ती एसएसएन बिना नै व्यक्तिगत करदाता पहिचान नम्बर(आइटिआइएन) प्रयोग गरेर दर्ता गर्न सकिन्छ।

मिश्रित आप्रवासी स्थिति परिवार र एसिए का विषयमा बढी जानकारीका लागि नेसनल इमिग्रेसन ल सेन्टरको प्रायजसो सोधिने प्रश्नहरू( एफएक्युहरू) हेर्नुहोस्, "एसिए र मिश्रित स्थिति परिवार" http://www.nilc.org/aca_mixedstatusfams.html।

**यदि मैले आवेदन गरेँ भने, म के अझै पछि ग्रिन कार्ड पाउन सक्षम हुन्छु ?**

हो। स्वास्थ्य बीमा खरीद गर्नका लागि आर्थिक सहयोग प्राप्त गर्ने वा मेडिकेड वा सिएचपि+ मा भर्ना हुने जोसुकैलाई उनीहरूले स्थायी बसोबासका लागि वा ग्रिन कार्डका लागि आवेदन गर्दा सामुदायिक(पब्लिक) चार्ज मानिनेछैन।

"सामुदायिक(पब्लिक) चार्ज" बारे अधिक जान्नका लागि, एनआइएलसिको पब्लिक चार्ज वेबपेज http://nilc.org/pubcharge.html हेर्नुहोस्।




*अन्य आप्रवासी स्थितिहरू मेडिकेड वा सिएचपि + का लागि पाँच वर्षे बसाइको आवश्यकता बिना नै योग्य हुनसक्छन्।

**तपाईंले आफ्नो आवेदनमा प्रदान गरेका जानकारीहरू तपाईं मेडिकेड, सिएचपि+, वा मार्केटप्लेस स्वास्थ्य बीमामा तपाईंको योग्यता जाँच्न मात्र प्रयोग गरिन्छन्। यसलाई आप्रवासी अधिकारीहरूसँग कहिल्यै पनि साझा गरिनेछैन।**